आज मिति २०७६ साल फागुन ६ गते सुन्दरबजार नगरपालिकाका नगर प्रमुख श्री जनक राज मिश्र ज्यूको अध्यक्षतामा ६८ औ बैठक बस्यो बैठकको उपस्थिति तपशिल बमोजिम रह्यो ।

**तपशिल**

| सि. नं | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री जनक राज मिश्र | नगर प्रमुख | |
| २ | श्री ज्ञानु शाह | नगर उप प्रमुख | |
| ३ | श्री सूर्य बहादुर दुरा | वडा अध्यक्ष वडा नं १ | |
| ४ | श्री नबिन कुमार श्रेष्ठ | वडा अध्यक्ष वडा नं २ | |
| ५ | श्री अमृत नेउपाने | वडा अध्यक्ष वडा नं ३ | |
| ६ | श्री कृष्ण राज खनिया | वडा अध्यक्ष वडा नं ४ | |
| ७ | श्री ललित गुरूङ | वडा अध्यक्ष वडा नं ५ | |
| ८ | श्री रघुनाथ मिश्र | वडा अध्यक्ष वडा नं ६ | |
| ९ | श्री जयराम रेग्मी | वडा अध्यक्ष वडा नं ७ | |
| १० | श्री कृष्ण कान्त अधिकारी | वडा अध्यक्ष वडा नं ८ | |
| ११ | श्री मोती प्रसाद गुरूङ | वडा अध्यक्ष वडा नं ९ | |
| १२ | श्री जय बहादुर अधिकारी | वडा अध्यक्ष वडा नं १० | |
| १३ | श्री प्रेम बहादुर दुरा | वडा अध्यक्ष वडा नं ११ | |
| १४ | श्री भवानी के. सी. | नगर कार्यपालिका सदस्य | |
| १५ | श्री लक्ष्मी पोखरेल | नगर कार्यपालिका सदस्य | |
| १६ | श्री बुद्ध कुमारी सुवर्णकार | नगर कार्यपालिका सदस्य | |
| १७ | श्री चन्द्रमा घिमिरे | नगर कार्यपालिका सदस्य | |
| १८ | श्री शान्ता भुजेल | नगर कार्यपालिका सदस्य | |
| १९ | श्री राजेन्द्र दर्जी | नगर कार्यपालिका सदस्य | |
| २० | श्री सुरेश कुमार दुरा | नगर कार्यपालिका सदस्य | |

अन्य उपस्थिति

| | | | |
|---|---|---|---|
| १ | श्री ठाकुर जी तिवारी | प्रमुख प्रशासकीय अधिकृत | |

नगर कार्यपालिकाको मिति २०७६।११।०६ गतेको ६८ औं बैठकका निर्णय

निर्णय नं. १

सुन्दरबजार नगरपालिका कार्यपालिका बैठक २०७६/११/१९ गते बस्ने निर्णय गरियो ।

निर्णय नं.२

सुन्दरबजार नगरकार्यपालिकाको नगरसभा पूर्व तयारी बैठक २०७६/११/२८ गते बस्ने निर्णय गरियो ।

निर्णय नं. ३

सुन्दरबजार नगरपालिकाको छैंटौं नगरसभा मिति २०७६ फागुन २९ र ३० गते गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

यसअघि पाँचौं नगरभाबाट स्वीकृत भएका कार्यक्रमहरु बिभिन्न कारणबाट संसोधन गर्नुपर्ने भएमा आगामी २०७६ फागुन १९ गतेको कार्यपालिका बैठकमा सम्बन्धित वडाबाट संशोधित आयोजना पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

आपतकालीन औषधी खरिद गर्नका लागि ४,८०,०००।- अक्षेरुपी चार लाख असी हजार मात्र विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

भोटेवडार आँखा उपचार केन्द्रलाई रु ३,००,००० अक्षेरुपी तीन लाख मात्र उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ७

ड्रिम गर्ल उपन्यासका लेखक सुन्दरबजार नगरपालिका वडा नं. ७ निवासी प्रेम बहादुर भट्टराइलाई प्रोत्साहन स्वरुप रु १०,००० अक्षेरुपी दश हजार मात्र उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ८

सुन्दरबजार नगरपालिका वडा नं. ७ निवासी मृगौला सम्बन्धि रोगबाट पीडित श्री सरस्वती गुरुङलाई नियमित मृगौला डायलायसिस गर्नुपर्ने अबस्था रहेकोले निजलाई एकमुष्ठ रु २०,००० अक्षेरुपी बीस हजार मात्र आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ९

सुन्दरबजार नगरपालिका वडा नं. ७ निवासी खुट्टा भाँचिई अपाङ्गता अवस्थामा रहेका श्री गोपाल अधिकारीलाई उपचारका लागि एकमुष्ट रु २०,००० अक्षेरुपी बीस हजार मात्र आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १०

यस नगरपालिका, नगरकार्यपालिका, नगर प्रमुख र नगर उप प्रमुख समेतलाई विपक्षी बनाई सु. न. पा. वार्ड नं. ७ निवासी श्री शंकर सापकोटा क्षेत्री लगाएतले सम्मानित सर्बोच्च अदालतमा दायर गरेको अदालतको अवहेलना विषयक मुद्धा, मुद्धा नं. २०७६ **AP**-०३७२ को सम्बन्धमा नगर पालिका, नगर कार्यपालिका, नगर प्रमुख, नगर उप प्रमुखको तर्फबाट तारेख लिने, लिखित जवाफ दर्ता गर्ने, बहश पैरवी गर्ने लगाएतका उक्त मुद्धामा गर्नु पर्ने अदालती काम गर्न नगरपालिका सदस्य एवं कानुन व्यवसायी अधिबक्ता श्री सुरेश कुमार दुरालाई अख्तियारी दिने र आवश्यकता अनुसार अधिवक्ता तथा वरिष्ठ अधिवक्तालाई समेत वहस पैरवीमा सहभागी गराउन आवश्यक व्यवस्था गर्ने निर्णय गरियो ।

२०७६।११।१८

२०७६।११।१८

सुन्दरबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुन्दरबजार, लमजुङ
गण्डकी प्रदेश, नेपाल